जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १० २०७८ साल साउन १३ गते बुधबार (28 July 2021 Wednesday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**अधिक वर्षाको समयमा पानीजन्य प्रकोपको जोखिमबाट बचौं**

- बाढी पस्न सक्ने तथा डुबानमा पर्न सक्ने स्थानहरुमा पूर्व सूचना प्रणालीको व्यवस्था गरौं ।
- डुबान हुने क्षेत्रहरुमा पानीको बहाव निकास हुने प्रणाली (नाली, पाईप) चालु अवस्थामा राखौं ।
- बाढी तथा पानीको बहाव बढेको जानकारी दिन साईरन जडान, एस. एम. एस., सामाजिक सञ्जाल तथा आमसञ्चार माध्यमलाई तयारी अवस्थामा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : कांग्रेसको १४औं महाधिवेशन : आठ लाख ... ३ पृष्ठमा : रासायनिक मलको ... ३ पृष्ठमा : अमेरिकाले इराक मिसनबाट...

# राजविराज नगरपालिकाको विद्युत काटियो

# १६ लाख महसुल तिर्न बाँकी : विद्युत प्राधिकरण

**दैनिक समाचारदाता**
**राजविराज, १२ साउन ।**

नेपाल विद्युत प्राधिकरण बितरण केन्द्र राजविराजले मंगलबार राजविराज नगरपालिका कार्यालयको विद्युत सप्लाई काटेको छ ।

लामो समयदेखी विद्युत महसुल नतिरेका उपभोक्ताहरुको धामाधम लाइन काटिरहेको बेला प्राधिकरणले राजविराज नगरपालिकको जरिवाना बाहेक १६ लाख रुँपैया बाँकी रहेको भन्दै विद्युत सप्लाई काटेको हो ।

पटक पटक ताकेता र पत्राचार गर्दा पनि वेवास्ता गरेकाले नगरपालिका कार्यालयको बिद्युत आपूर्ती बन्द गरिएको बितरण केन्द्र राजविराजका प्रमुख आमोद प्रसाद यादवले जानकारी दिएका छन् ।

“वक्यौता महसुल नबुझाएसम्म लाइन जोडिदैन् ।” उनले भने, “दुई दिनअघि पनि वक्यौता बुझाउन पत्राचार गर्नुका साथै प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा भएको छलफलमा समेत जानकारी गराउँदा पनि नगरपालिकाले वेवास्ता गऱ्यो ।”

यता राजविराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मदन थापाले प्राधिकरणद्वारा बिद्युत सेवा प्रदानका लागि नगर क्षेत्रमा गाडिएका विद्युतीय पोल वापतको भाडा नगरपालिकाले नलिएको र प्राधिकरणले पनि विद्युत महसुल नलिने भन्ने विषयमा नगरपालिकाको तर्फबाट पहल भइरहेका बेला एक्कासी लाइन काटिनु उचित नभएको बताए ।

“प्राधिकरणले विद्युत उपभोग गरेवापत शुल्क लिए हामी पनि नगर क्षेत्रमा गाडिएका विद्युतीय पोलवापतको भाडा लिन बाध्य हुनेछौं” उनले भने “नगरपालिका स्थापना भएदेखी नै विद्युत महसुल नबुझाएको आफूलाई जानकारी प्राप्त भएको र यसको समाधानका लागि नगर प्रमुख सँग छलफल गरि आवश्यक निर्णय लिने छौं ।”

लाइन काटिएपछि नगरपालिका कार्यालयबाट विद्युतीय प्रयोगबाट संचालन हुने सबै सेवा ठप्प भएको छ ।

# विटौरी जग्गाको रोक्का प्रक्रिया रोकिदा नगरवासी समस्यामा

**दैनिक समाचारदाता**
**राजविराज, १२ साउन ।**

राजविराज नगरपालिकाको मुख्य सडक मेनरोड तथा भित्री सडकको दाँया बाँया रहेका सयौ परिवार वर्षौदेखी लालपुर्जा नपाएकाले समस्यामा परेका छन् ।

मुख्य बजारमा वर्षौदेखी घर तथा खाली जग्गामा भएको सयौं परिवारले लालपुर्जा आफ्नो नाममा नभएका तथा नक्शा पास समेत रोकिदा समस्यामा परेका हुन् । नगरपालिकाबाट नक्शा पास तथा मालपोत कार्यालयबाट रोक्का प्रक्रिया समेत लामो समयदेखी रोकिएपछि उनीहरु झनै मार्कामा परेका छन् ।

विगत पाँच वर्ष देखी श्रेस्ता र कम्प्युटरमा कुनै रेकर्ड नभएको भन्दै मालपोत कार्यालयले रोक्का गर्न नमानेपछी नगरवासी बैंक तथा वित्तीय संस्थाबाट पाउनु पर्ने सेवा सुविधाबाट बञ्चित हुन पुगेका छन् ।

राजविराज ४ मेनरोडका कपडा पसल संचालक मो.दानिसले विगतमा विटौरी रसिद कै आधारमा बैंकमा जग्गा धितो राखी कारोबार गर्दै आएकोमा अहिले मालपोतले रोक्का गर्न नमानेपछि बैंकले पनि ऋण दिन नमानेको बताए ।

विटौरी जग्गाको वर्षौदेखी कर लिने गरेको राजविराज नगरपालिकाले लालपुर्जा र नक्शा पास उपलब्ध नगराउदा बैंकले त्यस्तो जग्गा स्विकार नगर्ने गरेको उनको भनाई छ ।

नागरिक संजाल सप्तरीका अध्यक्ष सुखराम यादवले पुस्तौदेखी वसोवास गर्दै आएका

*बाँकी दुई पृष्ठमा*


ज्येष्ठ नागरिकको जिम्मेवारी हामी सबैको
आशीर्वाद जोगाऔँ
हाम्रो शिरमाथिको ओत हुन् ती हात
सतर्कताले नै हुनेछ अटल त्यो साथ
ज्येष्ठ नागरिकसँग कोरोनाविरुद्ध लड्ने प्रतिरोधात्मक क्षमता कम हुने हुँदा दशैंमा विशेष ध्यान पुऱ्याऔँ ।
हामी घर फर्किए हाम्रा गाउँमा भएका अग्रज र ज्येष्ठ नागरिकलाई जोखिम बढ्छ । त्यसैले यो दशैंमा सकेसम्म जहाँ छौं त्यहिँ बसौं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सम्पादकीय ....

### बालबालिकाप्रति अभिभावक गम्भिर होऔं

महामारीको समयमा बालबालिकाहरु विद्यालय जानबाट बञ्चित रहेको बेला उनीहरु घरमा बसिरहेको अवस्था छ । यस समयमा उनीहरु के कस्ता गतिविधी वा पढाई गरिरहेका छन् भन्ने कुराप्रति अभिभावकले गम्भिरतापूवर्क ध्यान दिनुपर्छ ।

अहिलेको आधुनिक यूगमा हरेक व्यक्तिको जिवनशैली अत्यन्त व्यस्तताका साथ व्यतित भइरहेको छ । जसकारण आफ्नो काम कर्तव्यका कारण घरायसी काममा ध्यान दिएको देखिन्न् । व्यक्तिगत जिवनमा अहिले सबै व्यक्ति आ–आफ्नो काम विशेषका कारण अत्यन्त एकहोरो भएका छन् । यस्तो बेलामा अभिभावकहरु बालबालिकाप्रति निकै जिम्मेवारीपूवर्क प्रस्तुत हुनुपर्दछ । बालबालिकाहरु घरमै बसिररहेको अवस्थामा मोवाईल, टिभि वा भिडियो गेम खेल्नेमा बढी ध्यान दिएको देखिन्छ । यस्तो बेलामा उनीहरु त्यस्ता आधुनिक उपकरणको उपयोग भन्दा दुरुपयोग बढी गरिरहेका त छैनन् भन्ने कुराप्रति सचेत हुनु आवश्यक छ ।

अहिलेको परिवेशमा आधुनिक उपकरणले बालबालिकाहरु एकहोरो बन्दै गएका छन् । तसर्थ बालबालिकाको प्रत्येक गतिविधीलाई अभिभावकहरु सचेत रहनु पर्ने अहिलेको आवश्यकता रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कांग्रेसको १४औं महाधिवेशन : आठ लाख ५२ हजारलाई क्रियाशील सदस्यता

काठमाडौं, १२ साउन (रासस) ।

नेपाली कांग्रेसले देशभरका आठ लाख ५२ हजार ७११ जनालाई क्रियाशील सदस्यता प्रदान गरेको छ ।

कांग्रेसको क्रियाशील सदस्यता छानविन समितिले पार्टीको १४ औं महाधिवेशन प्रयोजनका लागि देशभरबाट आठ लाख ५२ हजार ७११ जनालाई क्रियाशिल सदस्यता प्रदान गरेको हो । क्रियाशील सदस्यता छानबिन समितिका संयोजक रमेश लेखकले मंगलबार पार्टी सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवालाई मंगलबार बुझाएको प्रतिवेदनमा चार लाख ४३ हजार ६७८ नयाँ र चार लाख नौ हजार ३३ ले नवीकरण गरेका हुन् । जसमध्ये पुरुष ६ लाख ५३ हजार ४३८, महिला एक लाख ९९ हजार ९७ र अन्य १७६ जना रहेका छन् ।

कांग्रेसको क्रियाशील सदस्यमध्ये प्रदेश १ मा एक लाख ७४ हजार ७८२, प्रदेश २ मा एक लाख १२ हजार ९४६, वाग्मती प्रदेशमा एक लाख ८६ हजार १४३, गण्डकी प्रदेशमा एक लाख १८ हजार ६३३ रहेका छन् । यस्तै, लुम्बिनी प्रदेशमा एक लाख ३० हजार ८८५, कर्णाली प्रदेशमा ५४ हजार ५६६ र सुदूरपश्चिम प्रदेशमा ७४ हजार ७५६ रहेका छन् ।

क्रियाशील सदस्यता छानबिन समितिले बुझाएको प्रतिवेदनअनुसार कांग्रेस क्रियाशील सदस्यमा १६ देखि २५ वर्ष उमेर समूहका ४० हजार ४२७, २६ देखि ४० वर्ष उमेर समूहका दुई लाख ४९ हजार ७७४, ४१ देखि ६० वर्ष उमेर समूहका तीन लाख २८ हजार २३४, ६१ देखि ७५ वर्ष उमेर समूहका ८३ हजार १० र ७५ वर्षभन्दा बढी उमेर समूहका ११ हजार ७७२ जना रहेका छन् ।

क्रियाशील सदस्यता छानबिन समितिमा ४६ खाले उजूरी तथा गुनासो प्राप्त भएको थियो । नवीकरणतर्फ ७७ वटै जिल्लाको क्रियाशील सदस्यता टुङ्गो लगाएको समितिले नयाँ क्रियाशील सदस्यता नामावलीलाई आगामी १४औं महाधिवेशनका लागि स्थगन गरी उक्त महाधिवेशनपछि प्रक्रिया पुऱ्याएर कायम गर्ने प्रतिवेदनमा उल्लेख छ ।

कांग्रेसले पार्टीका केन्द्रीय सदस्य रमेश लेखकको संयोजकत्वमा प्रदीप पौडेल, आनन्द ढुङ्गाना, जीवन परियार, श्यामकुमार घिमिरे, कल्याणकुमार गुरुङ र योगेन्द्र चौधरी सदस्य रहेको छानबिन समिति गठन गरेको थियो ।

क्रियाशील सदस्यता नामावली टुङ्गिएसँगै अब पार्टीको १४औं महाधिवेशनको प्रक्रियासमेत शुरु हुने भएको छ । शनिबार पार्टी सभापति एवं प्रधानमन्त्री देउवाको निजी निवास बूढानीलकण्ठमा बसेको पदाधिकारी एवं पूर्वपदाधिकारीको बैठकले क्रियाशील सदस्यता छानबिनको काम नसकिएको भन्दै साउन १२ गते अर्थात् ( मंगलबारदेखि) शुरु हुने पार्टीको तल्लो तहको अधिवेशन स्थगित गर्ने निर्णय गरेको थियो । सो बैठकले पार्टीको केन्द्रीय महाधिवेशन भदौ १६ देखि १९ का बारेमा भने केही निर्णय गरेको थिएन ।

पार्टीको मंगलबार पनि पदाधिकारी एवं पूर्वपदाधिकारीको बैठक सभापति देउवाको निजी निवासमा बसिरहेको छ । मंगलबारको बैठकले क्रियाशील सदस्यता छानबिन समितिले दिएको प्रतिवेदन अध्ययन गरी महाधिवेशनको नयाँ मिति टुङ्गो लगाउनेबारे छलफल हुनेछ ।

**क्रियाशील सदस्यताका कारण अधिवेशन कार्यतालिका प्रभावित**

क्रियाशील सदस्यताको सम्पूर्ण काम समयमै सम्पन्न भएको कांग्रेसको १४औं महाधिवेशनअन्तर्गत मंगलबार अर्थात् साउन १२ गते गाउँ/नगर वडा अधिवेशन हुने थियो । तर समयमै क्रियाशील सदस्यता वडास्तरमा नपुगेका कारण पार्टी पदाधिकारी बैठकले यसअघि नै वडा अधिवेशन स्थगित गरिसकेको छ ।

कांग्रेसले क्रियाशील सदस्यताको सूचीमा केन्द्रीय सभापतिबाट हस्ताक्षर भई केन्द्रीय निर्वाचन समितिलाई बुझाउने अवधि गत असार ३० गतेभित्र तोकेको थियो । केही जिल्ला र क्षेत्रको विवादका कारण उक्त प्रतिवेदन मंगलबार १२ दिन ढिला बुझाइएको छ ।

कांग्रेसको गत असार ४ गते सम्पन्न केन्द्रीय कार्यसमितिले बैठकले पार्टीको १४औं महाधिवेशन आगामी भदौ १६ देखि १९ गतेसम्म काठमाडौंमा गर्ने संशोधित कार्यतालिका पारित गरेको थियो । संशोधित कार्यतालिकाअनुसार गाउँ/नगर वडा अधिवेशन यही साउन १२, गाउँ/नगरपालिका अधिवेशन साउन १६, प्रदेशसभा क्षेत्रीय अधिवेशन साउन २० गते तोकिएको थियो ।

यसैगरी प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन २३, एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन २६ र प्रदेश अधिवेशन भदौ १ र २ गते निर्धारण गरिएको छ ।

# एक हजार नेपालीका लागि खुल्यो इजरायलमा रोजगारी

काठमाडौं, १२ साउन (रासस) ।

लामो समयको तयारीपछि नेपाली श्रमिकले इजरायलमा रोजगारी पाउने भएका छन् । वैदेशिक रोजगार विभागले मंगलबार सूचना जारी गर्दै औपचारिक रूपमा इजरायल रोजगारीका लागि खुला भएको जनाएको हो ।

सरकारी प्रक्रियाबाट कामदार पठाउने सम्झौतानुसार आवेदन खुला गरिएकामा पहिलो चरणमा इजरायलले सुसारे ( केयरगिभर) कामका लागि एक हजार नेपाली श्रमिकको आवेदन खुला गरेको छ । सूचनामा ३०० पुरुष र ७०० महिला कामदारले रोजगारीको अवसर पाउने र तिनका लागि मासिक तलव ५३०० एनआईएस (रु एक लाख ९३ हजार) तोकिएको र तलब सातामा ४२ घण्टाको हिसाबमा प्रदान गरिने जनाइएको छ । सरकारले गतवर्ष इजरायल र नेपालबीच श्रम सम्झौता गर्दै पहिलो चरणमा ५०० कामदार पठाउने समझदारी गरेको थियो ।

इजरायल जाने कामदारले खानाको प्रबन्ध आफैले मिलाउनुपर्ने तर बस्ने प्रबन्ध भने रोजगारदाताले नै उपलब्ध गराउने भएको छ । रोजगारमा जाने करार अवधि एक वर्षको हुने भए पनि करार थपेर पाँच वर्षसम्म बस्न पाइने जाइएको छ ।

**आवेदनको मापदण्ड**

रोजगारीका लागि २५ वर्ष पूरा भई ४५ वर्ष ननाघेका नेपाली नागरिकले आवेदन दिन सक्ने छन् । आवेदकको उचाइ कम्तीमा एक दशमल पाँच मिटर र ४५ किलो तौल भएको भएको हुनुपर्ने, कम्तीमा दश कक्षा उत्तीर्ण गरी अनमी वा सिएमएसम्बन्धी तालिम लिएको हुनुपर्ने वा १० जोड दुई सरह उत्रिर्ण गरी मान्यताप्राप्त तालीम प्रदायक संस्थाबाट केयर गिभिङसम्बन्धी तीन महिना तालीम लिएको हुनुपर्ने जनाइएको छ ।

आवेदन दिनेहरू विगतमा इजरालयलमा गई काम नगरेको र तिनका बुबाआमा, पतिपत्नी वा छोराछोरी त्यहाँ बसोबास नगरेको वा कार्यरत नरहेको हुनुपर्नेछ ।

## *विटौरी जग्गाको ...*

स्थानीयवासी समस्यामा परेका बेला जग्गा धितो राखेर बैंक तथा वित्तिय संस्थाहरुबाट ऋण लिन नपाउनु दुःखद र लज्जास्पद विषय भएको बताए । जग्गाको नियमित कर लिने तर समस्यामा परेका बेला आफ्नै जग्गामा पनि बैकमा धितो राखी ऋण लिन नपाउने भन्दै यसतर्फ स्थानीय, प्रदेश र संघिय तिनै तहका सरकारले ध्यान दिनुपर्ने उनले बताए ।

नगर प्रमुख शम्भु प्रसाद यादवले मुख्य बजारका वासिन्दा समस्यामा परेका वेला आफ्नै जग्गा बैंक तथ वित्तिय संस्थामा धितो राखी कर्जा नपाई रहेको पीडाप्रति आफु गम्भिर रहेको र समस्या समाधानका लागी प्रयत्नशिल रहेको बताए ।

उनले भुमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट नै उक्त समस्याको समाधान हुने भन्दै यसका लागी मन्त्रालयमा पहल भइरहेको जानकारी दिएका छन् ।

यता मालापोत कार्यालयका निमित्त प्रमुख प्रकाश राउतले नगरपालिका क्षेत्रको विटौरी जग्गाको कुनै श्रेस्ता यस कार्यालयमा अहिले नरहेकाले त्यस्तो जग्गा रोक्का गर्ने काम हाल बन्द रहेको बताए ।

"कम्प्युटरमा इन्ट्री छैन, तथ्याङ्क पनि छैन, कुनै श्रेस्ता नभएका कारण विटौरी जग्गा भएकाहरुलाई सेवा दिन सकिएको छैन ।" उनले भने यस बारे राजविराज नगरपालिकाले नै आवश्यक पहल गर्नू पर्नेमा जोड दिए ।

भारतको जयपुर शहरको नक्शामा आधारित रहेर ६० विगहा क्षेत्रफलमा वसाईएको राजविराजलाई २०१६ सालमा नगरपालिका घोषणा गरिएको थियो । तर, दशकौं वितिसक्दा पनि नगरलाई ब्यवस्थित तथा नगरवासीलाई आवश्यक सेवा सुविधा प्राप्त नभएको नगरवासीको गुनासो छ ।

लागूऔषध रहित परिवारः स्वस्थ जीवनको आधार

- टोलाउने, लठ्ठ परिरहने, एकान्तमा बस्न रुचाउने,
- काममा जान मन नगर्ने, दुब्लाउँदै जाने, सरसफाईमा ध्यान नदिने,
- अनावश्यक खर्च गर्ने लगायत लागूऔषध दुर्व्यसनीका लक्षणहरु हुन सक्छन

यस्ता लक्षण देखिएमा समयमै नजिकको परामर्श केन्द्र वा चिकित्सकसँग सम्पर्क गरौ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# रासायनिक मलको माग बढ्दो, आपूर्ति घट्दो, मारमा किसान

**राजु विश्वकर्मा**

लहान, १२ साउन (रासस)।

सिरहामा वर्षेनी रासायनिक मलको माग बढ्दै गएको छ। माग अनुसार रासायनिक मलको आपूर्ति हुन नसकेपछि किसान समस्यामा परेका छन्। लहानस्थित कृषि सामग्री कम्पनी लिमिटेडमा वर्षेनी डिएपी र युरिया मलको आपूर्ति घट्दै गएपछि अन्य रासायनिक मलको बिक्री वितरण बढेको हो।

एकातिर सिरहामा रासायनिक मलको माग बढ्दै गएको छ भने अर्कोतिर जिल्लामा रासायनिक मल बिक्री वितरण गर्दै आएको कृषि सामग्री कम्पनी लहानमा वर्षेनी मलको आपूर्ति घट्दै गएकाले किसान समस्या परेका हुन्।

आर्थिक वर्ष २०७६/०७७ को तुलनामा गत आर्थिक वर्षमा ३२ हजार ५०० बोरा डिएपी र छ हजार ४४० बोरा युरिया मलको आपूर्ति कम भएको हो। आर्थिक वर्ष २०७६/०७७ मा ९२ हजार ६८३ बोरा डिएपी र ८४ हजार ९६० बोरा युरिया मल आपूर्ति भएकोमा गत आर्थिक वर्षमा ६० हजार १८३ बोरा डिएपी र ७८ हजार ५२० बोरा युरिया मल आपूर्ति भएको कृषि सामग्री कम्पनी लहानका प्रमुख मणिराज पौडेलले जानकारी दिनुभयो।

उहाँका अनुसार आर्थिक वर्ष २०७५/०७६ मा २३ हजार ७७ बोरा युरिया र दुई हजार ४०० बोरा डिएपी मल आपूर्ति भएकोमा आव २०७४/०७५ मा २६ हजार ७८८ बोरा युरिया र आठ हजार ५४९ बोरा डिएपी मल आपूर्ति भएको थियो। माग अनुसार आपूर्ति हुन नसक्दा जिल्लामा रासायनिक मलको हाहाकार हुने गरेको उहाँको भनाइ( छ।

त्यस्तै, आव २०७३/०७४ मा ९५ हजार ३२० बोरा डिएपी मल र ९८ हजार ७०५ बोरा युरिया मल आपूर्ति भएको कृषि सामग्री कम्पनी लहानले जनाएको छ। सिरहामा साउन महिनामा मात्र ३० हजार बोरा युरिया र त्यतिकै परिमाणमा डिएपी मल चाहिएकोमा हाल १५ हजार ८८५ बोरा युरिया र दुई हजार ८०० बोरा डिएपी मल आपूर्ति भएको कृषि सामग्री कम्पनीले जनाएको छ।

कृषि सामग्री कम्पनी केन्द्रीय कार्यालयबाट सो परिमाणको मल प्राप्त भएपछि कोटा निर्धारण गरेर हिजोबाट सिरहाका स्थानीय तहमा रहेका सहकारी संस्थाका डिलरहरूमार्फत किसानलाई वितरण गर्न थालिएको छ। “हामीलाई गत शुक्रबार १५ हजार ८८५ बोरा युरिया र दुई हजार ८०० बोरा डिएपी मल मात्र प्राप्त भएको छ”, कार्यालय प्रमुख पौडलले भन्नुभयो, “मल आउने वित्तिकै बिक्री वितरण शुरु गरेका छौं।” बाली सघनता र खेतीयोग्य क्षेत्रफलका आधारमा स्थानीय तहलाई मलखाद्यको कोटा निर्धारण गरी सिफारिसका आधारमा सहकारी संस्थाका डिलरहरूमार्फत मलखाद्य वितरण शुरु गरेको उहाँको भनाइ छ।

डिएपी र युरिया मलको माग बढेकाले आपूर्तिका लागि केन्द्रमा पटक पटक पत्राचार गरे पनि वर्षेनी आपूर्ति घट्दै गएकोले समस्यामा परेको प्रमुख पौडेलले बताउनुभयो। डिएपी र युरिया मलको वर्षेनी आपूर्ति कम भएपछि कृषि सामग्री कम्पनी लहानले झण्डै आधा मूल्य बराबरको रासायनिक मल मात्र बिक्री गरेको छ। आर्थिक वर्ष २०७६/०७७ मा रु. २७ करोड ४३ लाख ७३ हजार ३४ मूल्य बराबरको मलखाद्य बिक्री गरेको कृषि सामग्री कम्पनी लहानले गत आर्थिक वर्षमा रु. १९ करोड ६५ लाख ६३ हजार ३१४ मूल्य बराबरको मात्र रासायनिक मल बिक्री गरेको कार्यालयका लेखाप्रमुख नारायण खडकाले जानकारी दिनुभयो।

सिरहामा कृषि सामग्री कम्पनी र साल्ट्र टेड्रिङ्ग कम्पनीले गाउँ गाउँमा सहकारी संस्थामार्फत र सहकारी नभएको गाउँमा स्थानीय तहको सिफारिसमा मलखाद्य बिक्री बितरण गर्दै आएको छ। धान रोपाइँ गर्ने बेला भएकाले युरिया र डिएपी मलको माग बढेपनि अन्तर्राष्ट्रिय बजारमा भएको मूल्यवृद्धि, ढुवानी आपूर्तिको समस्या, मलको अनियन्त्रित प्रयोग र भारतीय सिमा नाकामा भएको कडाइलगायत कारणले सिरहामा युरिया र डिएपी मलको आभाव हुने गरेको प्रमुख पौडलको भनाइ छ।

डिएपी र युरिया मलको आपूर्ति कम भएपछि किसानलाई मलखाद्यको समस्या भइरहेको नेपाल कृषक महासङ्घ प्रदेश नं २ का अध्यक्ष मुक्ति यादवले बताउनुभयो। माग अनुसार आपूर्ति हुन नसक्दा यहाँका किसानहरू वर्षेनी मलका लागि डिलरहरू चहार्ने गरेको तरपनि सहज रूपमा मल पाउने अवस्था नरहेको उहाँको भनाइ छ।

सिरहामा यस वर्ष कूल ६० हजार ७५७ हेक्टर खेतीयोग्य जग्गामध्ये ९५ प्रतिशत जग्गामा धान रोपाइँ भएको कृषि ज्ञानकेन्द्र राजविराज सप्तरीले जनाएको छ। अधिकांश खेतीयोग्य जग्गामा धान रोपाइँ भए पनि समयमा मलखाद्य नपाउँदा किसान मारमा परेका छन्।

धानमा मल हाल्ने बेला हुँदासमेत अनुदानमा प्राप्त हुने रासायनिक मल नपाउँदा किसानले महँगोमा व्यवसायीबाट मल खरिद गर्नुपरेको बताएका छन्। “धानमा मल राख्ने बेला भयो, डीएपी बजारमा पाइँदैन”, किसान राजकिशोर यादवले भन्नुभयो, “मल आवश्यक हुँदा पाइँदैन, धान पसाएपछि बल्ल मल आउँछ।” उहाँले गाउँमा सहकारीले मल वितरण गरे पनि मागअनुसार आपूर्ति गर्न नसकेको बताउनुभयो।

---

## आवश्यकता

मिति २०७८।०४।१२

द फ्रिडम फण्ड र श्रीपुर्राज सामुदायिक विकास केन्द्र (SCDC) सप्तरी केन्द्रको साझेदारीमा शम्भुनाथ, डाक्नेश्वरी, बोदेबर्साइन नगरपालिका र रुपनी गाउँपालिकामा हरवा चरवा सबलीकरण परियोजना २०२३ सम्म संचालन हुने भएकोले, सो परियोजनाको लाीग बोदेबर्साइन र डाक्नेश्वरी नगरपालिकाको लागि सामाजिक परिचालक पदको लागि बिज्ञापन गरिएको छ। इच्छुक नेपाली नागरिकहरुबाट सुचना प्रकाशित भएको मिति देखी ७ दिन भित्र कार्यालय समयमा दरखास्तको लागी आव्हान गरिन्छ।

बिज्ञापन नं. १/२०७८/०७९
पद : सामाजिक परिचालक
संख्या :२

**न्यूनतम शैक्षिक योग्यता :**
मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई उतीर्ण गरको तथा प्लस टु उर्त्तिणलाई विशेष प्रथमिकता
**वान्छनीय योग्यता**

- कम्तीमा २ बर्ष सामाजिक परिचालन सम्बन्धी अनुभव भएको
- समुदाय स्तरमा तालिम, गोष्ठी, बैठक संचालन गर्न सक्ने।
- आधारभूत सर्वेक्षण सम्वन्धि राम्रो ज्ञान भएको।
- स्थानीय स्तरमा गाउँपालिका, नगरपालिका, विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग सम्वन्वय गर्न सक्ने।
- संस्थाद्वारा संचालित कार्यक्रमहरुको अनुगमन तथा प्रतिवेदन गर्न सक्ने सीप भएको
- कम्पुटर सम्बन्धी ज्ञान भएको।

**माथि उल्लेखित पदका लागि दरखास्त साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु :**
१. आवेदकले दरखास्तका साथ व्यक्तिगत विवरण (वायो डाटा)
२. शैक्षिक योग्यताका प्रमाण पत्रको प्रतिलिपीहरु.
३. नेपाली नागगिकताको प्रमाण पत्रको प्रतिलिपीहरु
४. पासपोट साइजको फोटो -२
५. कार्य अनुभवका प्रमाण पत्रका प्रतिलिपीहरु
**(क) आवेदन दिने मिति :** २०७८ साल श्रावण महिना ७ गते सम्म, कार्यालय समय भित्र
**(ख) आवेदन पेश गर्ने स्थान :** संस्थाको फिल्ड कार्यालय, कल्याणपुर, सप्तरी (नेपाल बैंक लिमिटेड कल्याणपुरको दक्षिण पटी)
फोन :०३१-५४०४१२, ईमेल: scdc2047@gmail.com
**(ग) समय** : कार्यालय समय (१० बजे देखि ५ बजेसम्म)
**(घ) परीक्षाको किसिम** : लिखित, मौखिक

**नोट :** प्रारम्भिक छनौटमा परेको उमेदवारलाई मात्र लिखित, मौखिकका लागि सम्पर्क गरिने छ। साथै माथि उल्लेखित पदका लागि सम्बन्धित न.पा., महिला, दलित, जनजाती, मधेशी, अल्पसंख्यक, स्थानिय, विपन्न वर्ग, सिमान्तकृत, पछाडी पारिएका वर्गलाई प्राथमिकता दिइनेछ।

**भवदिय**
**संयोजक**
पदपूर्ति समिति
श्रीपुर्राज सामुदायिक विकास केन्द्र (SCDC)
सुरुगां न.पा.-६, सप्तरी

---

## विश्व समाचार

### अमेरिकाले इराक मिसनबाट आफ्ना सेना फिर्ता बोलाउने

वासिङ्टन, १२ साउन (रासस/सिन्ह्वा)।

अमेरिकी राष्ट्रपति जो बाइडेनले यस वर्षको अन्त्यसम्ममा अमेरिकी लडाकू सैनिकलाई इराकबाट फिर्ता बोलाउने बताउनुभएको छ।

उहाँले अमेरिकाको सेनाले थोरै संख्यामा मात्र भए पनि इराकमा बसेर इराकी सेनालाई तालिम र आवश्यक सरसल्लाह भने दिने जानकारी दिनुभएको छ।

इराकी प्रधानमन्त्रीसँगको भेटवार्ताका क्रममा राष्ट्रपति बाइडेनले सो जानकारी गराउनुभएको बताइएको छ।

हाल इराकी प्रधानमन्त्री मुस्ताफा अल-खादिमी अमेरिकाको भ्रमणमा हुनुहुन्छ। प्रधानमन्त्री मुस्ताफासँग ह्वाइट हाउसमा भएको कुराकानीका क्रममा राष्ट्रपति बाइडेनले यस्तो घोषणा गर्नुभएको प्राप्त समाचारमा जनाइएको छ।

उहाँहरुबीच सोमबार ह्वाइट हाउसमा भेटवार्ता भएको थियो। इराकमा हाल दुई हजार ५०० भन्दाबढी अमेरिकी सैनिक रहेका छन्।

इराकमा पछिल्लो समयमा इस्लामिक स्टेट नामक आतङ्ककारी समूहको उपस्थिति बढ्दै गएको बताइएको छ।

हाल इराकमा रहेका अमेरिकी सैनिकले इराकी फौजलाई इस्लामिक स्टेट लडाकूका विरुद्ध लड्न सहयोग गरिरहेको बताइएको छ।

अमेरिकाको यो घोषणापछि पनि केही अमेरिकी सैनिक भने इराकमै रहने बताइएको छ। यो घोषणाको इराकले भने स्वागत गरेको छ।

अमेरिकाले इराकी प्रधानमन्त्रीलाई सहयोगका लागि यो घोषणा गरेको हुनसक्ने अनुमान गरिएको बताइएको छ।

इराकी प्रधानमन्त्री खादिमीले इराकमा कुनै पनि विदेशी सेना आवश्यक नरहेको बताउनुभयो।

उहाँले अमेरिकाको सो घोषणाको समर्थन गर्दै भन्नुभएको छ, हामीलाई अमेरिकाको सैन्य सहयोग त आवश्यक छ, तर पनि इराकमै आएर सैनिक परिचालन नभएर इराकलाई सुरक्षा सामग्री र तालिमका विषयमा सहयोग दिंदा राम्रो हुनेछ।

गत वर्ष इराकको राजधानी बग्दादमा अमेरिकी सेनाले ड्रोन हमला गर्दा एकजना उच्च इरानी सैन्य जनरल कासिम सुलेमानी र इरानको समर्थन पाएको शिया मुस्लिम मिलिसिया समूहका एक जना नेता मारिएका थिए।

त्यसयता इराकमा अमेरिकी सेनाको झन् ठूलो विरोध भएको थियो। यहाँका राजनीतिक दलले अमेरिकी नेतृत्वमा आइएसविरुद्ध लड्ने अन्तरराष्ट्रिय फौज हट्नुपर्ने माग गरिरहेका छन्।

### तालिबानको आक्रमण विफल, २८ आतङ्ककारी मारिए

तालुकान, अफगानिस्तान, १२ साउन (रासस/सिन्ह्वा)।

अफगानिस्तानको उत्तरी प्रान्त तखारको प्रान्तीय राजधानी तालुकान शहरमा तालिबान लडाकूले गरेको आक्रमण विफल भएको छ। ती लडाकू सो शहर कब्जाको लागि आक्रमण गरिरहेका जनाइएको छ।

सो आक्रमणको क्रममा २८ जना आतङ्ककारी मारिएका सरकारी स्रोतले मङ्गलबार जानकारी दिएको छ। सेनाको प्रवक्ता अब्दुलहादी नाजारीका अनुसार तालिबान आतङ्ककारीले तालुकान शहरलाई बिभिन्न दिशाबाट आक्रमण गर्ने योजना बनाइरहेका थिए, तर लडाकू विमानको सहायतामा सेनाले गरेको कारबाहीको क्रममा २८ तालिबान लडाकू मारिएका छन्।

यस कारबाहीको विषयमा तालिबान लडाकू कुनै टिप्पणी गरेका छैनन्। तालिबान लडाकू समूहले तखार प्रान्तका १६ ओटा जिल्लाका केन्द्र नियन्त्रणमा लिएको र विगत एक महिनादेखि राजधानी काबुलबाट २४५ किलोमिटर उत्तरमा रहेको प्रान्तीय राजधानी तालुकान शहर कब्जा गर्न आक्रमण गरिरहेका जनाइएको छ।

यसैबीच, तखारका बासिन्दाले गत एक सातादेखि अफगानिस्तानको राजधानी काबुलमा धरना दिएका बताइएको छ। केन्द्र सरकारलाई तखारमा थप सेना पठाउन आग्रह गरेका छन्। अन्यथा प्रान्तीय राजधानीसहितको प्रान्त तालिबानले लिने उनीहरुको भनाइ रहेको छ।

### विश्वभर तीन अर्ब ८८ करोड ५६ लाख ३१ हजार २३२ डोज खोप लगाइयो

बाल्टिमोर (मेरील्याण्ड), १२ साउन (रासस/एएफपी)।

विश्वभर तीन अर्ब ८८ करोड ५६ लाख ३१ हजार २३२ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। कोरोनाविरुद्ध खोप लगाएका दश देशको तथ्याङ्क यस प्रकार रहेका छन्।

चीनमा एक अर्व ५५ करोड दुई लाख ६८ हजार डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। भारतमा ४४ करोड १९ लाख १२ हजार ३९५ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ।

अमेरिकामा ३४ करोड ११ लाख ६० हजार ९३९ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। ब्राजिलमा १२ करोड ८० लाख ७२ हजार २४३ डोज कोरोना भाइरसविरुद्ध लगाइएको छ।

जर्मनी आठ करोड ९३ लाख ८७ हजार २५७ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। बेलायतमा आठ करोड ४५ लाख ८८ हजार ५३ डोज कोरोना भाइरसविरुद्ध खोप लगाइएको छ।

जापान सात करोड ७७ लाख २६ हजार ९२९ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। फ्रान्समा छ करोड ९८ लाख ८४ हजार ७६७ डोज कोरोना भाइरसविरुद्ध खोप लगाइएको छ। टर्कीमा छ करोड ७७ लाख ८७ हजार ३३२ डोज कोरोना भाइरसविरुद्ध खोप लगाइएको छ। इटाली छ करोड ५८ लाख ८७ हजार ९५४ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ।

# अवैध रुपमा भारतबाट नेपालतर्फ भित्रयाइएका ४० वटा राँगा प्रहरी नियन्त्रणमा

**दैनिक समाचारदाता**
**राजविराज, १२ साउन ।**

अबैधरुपमा मंगलबार बिहान भारतबाट नेपालतर्फ भित्र्याइएको ४० वटा राँगा प्रहरीले नियन्त्रणमा लिएको छ ।

सप्तरीको सुरुङ्गा नगरपालिका १० स्थित बलान खोला किनार हुदै भन्सार छलेर भारतबाट ल्याउदै गरेको ४० वटा राँगा प्रहरीले नियन्त्रणमा लिएको छ ।

इलाका प्रहरी कार्यालय कडरबोनबाट खटेको प्रहरी टोलीलाई देख्नासाथ राँगा लिएर आउने ब्यक्ती फरार भएको र खोजी कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

एक लाख ६० हजार मुल्याङ्कन गरिएको उक्त राँगाहरु मंगलवारै आवश्यक कार्यावाहीका लागी तिलाठीस्थित राजविराज भन्सार कार्यालयमा बुझाइएको डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिएका छन ।

# संचारमन्त्री साहद्वारा आमसंचार प्राधिकरण र मिडिया काउन्सील कार्यालय निरिक्षण

**दैनिक समाचारदाता**
**जनकपुरधाम, १२ साउन ।**

प्रदेश २ का आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरत प्रसाद साहले मंगलबार आमसंचार प्राधिकरण र मिडिया काउन्सीलको कार्यालय निरिक्षण गरेका छन् ।

मन्त्री साहसहित राज्यमन्त्री कर्ण र मन्त्रालयका सचिव वीरेन्द्र कुमार यादवलेसमेत आमसञ्चार प्राधिकरण र मिडिया काउन्सिलको निरीक्षण गरे ।

जनकपुरधामस्थित आमसंचार प्राधिकरण र मिडिया काउन्सिलको कार्यालय निरीक्षण गर्दै मन्त्री साहले उपलब्ध न्यून श्रोत साधनलाई अधिकतम उपयोग गर्दै पत्रकारिता क्षेत्रको विकासमा जुट्न मातहतका निकायहरुलाई निर्देशन समेत दिएका छन् ।

राजनीतिक परिवर्तनहरुमा मिडियाले महत्वपूर्ण भूमिका निर्वाह गरेको चर्चा गर्दै मन्त्री साहले पत्रकारिता क्षेत्रमा राम्रो गर्नेलाई पुरस्कृत र पित्त पत्रकारिता गर्ने दण्डको व्यवस्था आवश्यक रहेकोमा जोड दिए ।

साउन र भदौ महिनामा आवश्यक गृहकार्य एवम् पूर्व तयारी गरेर असोजदेखि नै महत्वपूर्ण कामहरु अगाडि बढाउन मन्त्री साहले निर्देशन पनि दिए । मन्त्रालयबाट चाँडै अख्तियारी पठाउने प्रतिवद्धता व्यक्त गर्दै जनशक्ति अभाव पूर्ति गर्न गम्भीर रहेको बताए ।

कार्यालय निरीक्षणका क्रममा प्रदेश २ का आन्तरिक मामिला तथा सञ्चार राज्यमन्त्री रुबी कर्णले पत्रकारिता क्षेत्रले राजनीतिक परिवर्तनहरुमा निभाएको भूमिका अत्यन्तै सराहनीय रहेको बताए ।

सोही क्रममा प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले विभिन्न समस्याहरु सम्बोधन गर्न ध्यानाकर्षण-पत्र बुझाएका छन् भने काउन्सिलका अध्यक्ष शिवहरि प्रसाद भट्टराईले समेत कार्यालयको अवस्थाबारे मन्त्री साह र राज्यमन्त्री कर्णलाई जानकारी गराएका छन् ।

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

महत्वपूर्ण सवाल :

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर ११११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं
कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु
कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं
भिडभाड हुने स्थान
जहाँ धेरै मान्छेहरु जम्मा भएका हुन्छन
भौतिक दूरी कम हुने स्थान
जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ
भेन्टिलेशन नभएको
वा दोहोरो हावा नचल्ने स्थान
भिडभाड हुने स्थान
भौतिक दुरी कम हुने स्थान
भेन्टिलेशन नभएको स्थान
यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ
भिडभाड, भौतिक दूरी कम हुने र भेन्टिलेशन पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं
तपाईले अपनाउनु पर्ने सावधानीहरु
भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दुरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं
सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं
पर्याप्त दोहोरो हावा प्रवाहका निम्ति झ्याल तथा ढोकाहरु खुला राखौं
हात सधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं
भौतिक दुरी आवश्यक हुने स्थानमा अनिवार्य रुपमा मास्कको प्रयोग गरौं
साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं
साभार : विश्व स्वास्थ्य संगठन

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
HBL Himalayan Bank Ltd BATAS
CG Money CHAUDHARY GROUP

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*